आज मिति २०७८ साल वैशाख १४ गते मंगलबारका दिन जिल्ला जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री पिताम्बर घिमिरेज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा DCCMC को बैठक बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

**विशेष आमन्त्रित**

प्रमुख श्री विजय कुमार सरावगी, वीरगंज महानगरपालिका, पर्सा ।

**उपस्थिति**

| | |
|---|---|
| अध्यक्ष श्री पिताम्बर घिमिरे | प्रमुख जिल्ला अधिकारी, पर्सा |
| ~~सदस्य श्री संजय कुमार ठाकुर~~ डा. ... | मे.सु. नारायणी अस्पताल, बीरगंज, पर्सा |
| सदस्य श्री मदनजंग राणा | प्रमुख सेनानी, चण्डी प्रसाद गण, पर्सा |
| सदस्य श्री बेल बहादुर पाण्डे | प्रहरी उपरीक्षक, जिल्ला प्रहरी का., पर्सा |
| सदस्य श्री निर्मल कुमार थापा | स.प्र.ना.उ., स.प्र.ब. नेपाल, पर्सा |
| सदस्य श्री श्री रामबाबु चौधरी, प्रमुख अनुसन्धान अधिकृत, | रा.अ.जि. कार्यालय, पर्सा |
| सदस्य श्री जयमोद ठाकुर, | जनस्वास्थ्य अधिकृत, जि.स्वा.का. |
| सदस्य श्री ध्रुव गिरी, | स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, पर्सा |
| सदस्य सचिव श्री भिमकान्त पौडेल | स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, पर्सा |

**आमन्त्रित**

| | |
|---|---|
| अध्यक्ष श्री प्रभु हजरा, | नेकपा, पर्सा। |
| अध्यक्ष श्री अजय कुमार द्विवेदी, | नेपाली कांग्रेस, पर्सा । |
| अध्यक्ष ~~श्री बिजय महतो,~~ | नेकपा माओबादी, पर्सा |
| अध्यक्ष श्री राम नरेश यादव, | जनता समाजवादी पार्टी, पर्सा। |
| अध्यक्ष श्री अनुप तिवारी, | नेपाल पत्रकार महासंघ, पर्सा। |
| अध्यक्ष श्री सुबोध गुप्ता, | बीरगंज उद्योग वाणिज्य संघ, पर्सा। |
| सभापति श्री विरेन्दराज कडेल, | नेपाल रेडक्रस सोसाइटी, पर्सा। |
| श्री हरिपन्त, | होटेल व्यवसायी संघ |
| श्री दिपकमान श्रेष्ठ | होटेल व्यवसायी संघ |

## जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का निर्णयहरु (२०७८-०१-१४)

**निर्णय नं १**

DCCMC को पूर्ववत् बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो र भए गरेका निर्णयहरु प्रभावकारी र समन्वयात्मक रुमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

सबै स्थानीय तहले CICT को कामलाई थप प्रभावकारी रुपमा गर्न/गराउने अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

विदेशबाट आएका आफ्ना पालिका भित्रका नागरिकहरुलाई १० दिन अनिवार्य रुपमा सामुदायिक आईसोलेशन सेन्टर वा होम आइसोलेशनमा अनिवार्य रुपमा राख्ने व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउने ।

**निर्णय नं ४**

नारायणी अस्पताल विकास समिति, पर्साले पेश गरेको संलग्न जनशक्ति सम्बन्धी विवरण संलग्न राखी सो को व्यवस्था मिलाई दिन प्रदेश CCMC/PCCMC एवं प्रदेश सरकार, प्रदेश नं २ मा अनुरोध गरी पठाउने ।

**निर्णय नं ५**

नारायणी अस्पताल विकास समिति, पर्साबाट माग गरिएका निम्न ६ जना कर्मचारीहरुलाई कोभिड-१९ को विरामीको उपचार गर्ने काममा खटाईएकोमा निजहरुसँग नारायणी अस्पतालले बढिमा चार महिनाको करार सम्झौता गरी सोही अस्पतालले कार्य गरेको प्रमाणित गरेको आधारमा निजहरुलाई प्रदेश सरकारले DCCMC लाई उपलब्ध गराएको बजेटबाट नियमानुसारको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो । निम्न

१. डा. वीजय नन्दन कुमार चौरसिया
२. डा. नविन कुमार कुशवाहा
३. विकाश कुमार यादव
४. अगन्ध कुमार चौरसिया
५. सोएब अंसारी
६. प्रतिमा जयसवाल

**निर्णय नं ६**

सीमा नाकाबाट नेपाल प्रवेश गर्ने यात्रुहरुको ब्यवस्थापन गर्ने प्रयोजनार्थ बीरगंजस्थित ठाकुरराम क्याम्पसको भवनमा नेपाली सेनाको नेतृत्व र व्यवस्थापनमा सम्बद्ध सबैको सहयोग र समन्वयमा

होल्डिङ्ग सेन्टर/आईसोलेशन सेन्टर स्थापना गरी सञ्चालनमा ल्याउने । यसका लागि आवश्यक सहयोगका लागि प्रदेश नं २ प्रदेश सरकार, स्थानीय सरकार र विभिन्न स्थानीय संघ संस्थासँग सहयोगका लागि अनुरोध गर्ने ।

**निर्णय नं ७**

हाललाई कम्तीमा २०० वेड क्षमता सम्मको कोभिड-१९ संक्रमितको उपचारको लागि Dedicated अस्पताल स्थापना एवं सञ्चालन गर्ने व्यवस्थाका लागि प्रदेश नं २, प्रदेश सरकारलाई अनुरोध गर्ने ।

**निर्णय नं ८**

कोभिड-१९ को बढ्दो संक्रमणलाई तत्काल रोकथाम तथा नियन्त्रणको गर्न आवश्यक देखिएकोले मिति २०७८-०१-१६ गते विहान ४:०० देखि मिति २०७८-०१-२२ गते राती १२:०० बजेसम्म निषेधाज्ञाको आदेश जारी गर्न प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गर्ने ।

**निर्णय नं ९**

वीरगंजस्थित नेशनल मेडिकल कलेजलाई नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही कोरोना संक्रमितको उपचार गर्न/गराउन अनुरोध गर्ने ।

**निर्णय नं १०**

ठाकुरराम बहुमुखी क्याम्पसमा स्थापना गरिने होल्डिङ्ग सेन्टरका लागि आवश्यक Logistics सामाग्री जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र DCCMC सँग रहेको मौज्दात रकमबाट व्यवस्थापन गर्ने/गराउने ।